विधेयक संख्या :

# राष्ट्रिय दलित अधिकार आयोगको स्थापना गर्न बनेको विधेयक - २०६६

व्यवस्थापिका-संसद सचिवालय
सिंहदरवार, काठमाडौं ।

## उद्देश्य र कारण :

दलित समुदायको हक र हितको सम्बर्धन र संरक्षण गरी त्यस्तो समुदायलाई राष्ट्रिय मूल प्रवाहमा समाहित गराउन, दलित समुदायको सशक्तिकरण गरी सार्वजनिक जीवनमा त्यस्तो समुदायको सहभागिता अभिवृद्धि गरी सामाजिक न्याय कायम गर्नुपर्ने भई तर्जुमा गरिएको ।

साथै विगतमा यसको स्थापना गर्दा छुट्टै ऐनको व्यवस्था नगरिएकोमा हाल आयोगको कामकारवाही व्यवस्थित गर्नको लागि राष्ट्रिय दलित अधिकार आयोगको स्थापना सम्बन्धी ऐनको आवश्यकता महशुश भई यो विधेयक तर्जुमा भएको ।

पूर्णकुमार शेर्मा लिम्बु
मन्त्री
स्थानीय विकास मन्त्रालय

आर्थिक टिप्पणी :

राष्ट्रिय दलित आयोग वि.सं. २०५८ सालमा स्थापना भई निरन्तर रुपमा क्रियाशिल रहदैं आएको छ । यस आयोगको हाल रु.२,००,००,०००।- (अक्षेरुपी दुई करोड रुपैंया मात्र) व्ययभार रहेको छ । यो ऐन कार्यान्वयनमा आए पछि थप आर्थिक व्ययभार लाग्दैन ।

पूर्णकुमार शेर्मा लिम्बु
मन्त्री
स्थानीय विकास मन्त्रालय

**प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी :**

**यस ऐनमा प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी देहाय बमोजिम रहेको छ ।**

| **क्र.सं.** | **विधेयकको दफा, उपदफा** | **नियम बनाउन सकिने व्यवस्था** | **नियम बनाउन पर्ने कारण** | **बनाउने नियमको प्रकृति तथा त्यसबाट पर्न सक्ने प्रभाव ।** |
|---|---|---|---|---|
| १ | दफा २७ | अध्यक्ष तथा सदस्यहरुको पारिश्रमिक तथा सेवाका शर्तहरु सम्बन्धी नियमावली | ऐनको उद्देश्य पूर्ति गर्न कार्यविधिगत प्रक्रियाको व्यवस्था गर्न । | पारिश्रमिक तथा सुविधालाई पारदर्शी र जवाफदेही बनाउनु पर्ने भएको । |
| २ | | आर्थिक प्रशासन सम्बन्धी नियमावली | आर्थिक कारोवारलाई नियमित व्यवस्थित र पारदर्शी बनाउन । | आर्थिक कारोबार प्रचलित कानून विपरित हुन सक्ने संभावनालाई रोक्न तथा पारदर्शी बनाउन । |

**पूर्णकुमार शेर्मा लिम्बु**

**मन्त्री**

**स्थानीय विकास मन्त्रालय**

# राष्ट्रिय दलित अधिकार आयोगको स्थापना गर्न बनेको विधेयक

**प्रस्तावना:** दलित समुदायको हक र हितको संवर्द्धन र संरक्षण गरी त्यस्तो समुदायलाई राष्ट्रिय मूल प्रवाहमा समाहित गराउन, दलित समुदायको सशक्तिकरण गरी सार्वजनिक जीवनमा त्यस्तो समुदायको सहभागिता अभिवृद्धि गरी सामाजिक न्याय कायम गर्न राष्ट्रिय दलित अधिकार आयोगको स्थापना गर्न बाञ्छनीय भएकोले,

नेपालको अन्तरिक संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "राष्ट्रिय दलित अधिकार आयोग ऐन, २०६६" रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

क) "आयोग" भन्नाले दफा ३ बमोजिम गठन भएको राष्ट्रिय दलित अधिकार आयोग सम्झनु पर्दछ ।

ख) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ र सो शव्दले दफा १९ बमोजिम कार्य वाहक अध्यक्ष भई काम गर्ने सदस्य समेतलाई जनाउँदछ ।

ग) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।

घ) "सचिव" भन्नाले आयोगको सचिव सम्झनु पर्छ ।

ङ) "दलित समुदाय" भन्नाले अनुसूची-१ मा उल्लिखित समुदाय सम्झनु पर्छ ।

च) "जातीय भेदभाव" भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, ,साँस्कृतिक वा सार्वजनिक जीवनका वा अन्य कुनै पनि क्षेत्रमा समानताको आधारमा मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरुकौ उपयोग, प्रयोग, उपभोग वा प्रचलनमा जाति, वर्ण, वंश, राष्ट्रिय वा जातीय उत्पत्तिका आधारमा निषेध वा कमजोर गर्ने उद्देश्य हुने कुनै पनि भैदभाव, बहिष्कार, विभेद, रोक, प्रतिबन्ध वा प्राथमिकता सम्झनु पर्छ ।

छ) "छुवाछूत" भन्नाले धर्म, वर्ण, लिङ्ग, जात, जाति, जन्म, वंश, पेशा, भाषा, क्षेत्र, समुदाय वा जातीय उत्पत्तिका आधारमा कसैलाई गरिने भेदभावपूर्ण व्यवहार सम्झनु पर्छ ।

ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएको बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## आयोगको गठन, सदस्यको नियुक्ति तथा बैठक सम्बन्धी व्यवस्था

३. **आयोगको गठन :** (१) दलित समुदायको अधिकार तथा हित सम्बर्धन र संरक्षण गरी त्यस्तो समुदायको उत्थान गर्न राष्ट्रिय दलित अधिकार आयोग नामको एक आयोगको गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको आयोगमा देहायका सदस्य रहने छन् :-

(क) दलित समुदायको हकहित तथा अधिकारका क्षेत्रमा कम्तीमा सात वर्ष काम गरेको वा त्यस्तो क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट नेपाल सरकारबाट नियुक्त एकजना - अध्यक्ष

(ख) दलित समुदायको हक, हित तथा अधिकारको क्षेत्रमा विगत पाँच वर्षदेखि निरन्तर क्रियाशील रहेका वा राष्ट्रिय स्तरमा विशिष्ट योगदान पुऱ्याएको व्यक्तिहरु मध्ये नेपाल सरकारबाट नियुक्त कम्तीमा एकजना महिला र एकजना मधेशी सहित चार जना - सदस्य

(३) आयोगका अध्यक्ष वा सदस्यको पदावधि नियुक्त भएको मितिले चार वर्षको हुनेछ र निज एकपटकको लागि पुनः नियुक्त हुन सक्नेछ ।

४. **आयोग स्वशासित संस्था हुने:** (१) आयोग एक अविछिन्न उत्तराधिकारवाला स्वशासित संस्था हुनेछ ।

(२) आयोगको काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) आयोगले व्यक्तिसरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच विखन गर्न अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) आयोगले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर दिन र आयोग उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(५) आयोगले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न वा दायित्व निर्वाह गर्न सक्नेछ ।

५. **अध्यक्ष र सदस्यको योग्यता:** आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्त हुन देहाय बमोजिमको योग्यता भएको हुनु पर्नेछ :-

क) नेपाली नागरिक,

ख) कम्तीमा पैंतीस वर्ष उमेर पूरा भएको,

ग) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

घ) अध्यक्षको हकमा कम्तीमा स्नातकोपाधी हासिल गरेको ।

६. **अध्यक्ष र सदस्यको नियुक्ति:** (१) नेपाल सरकारबाट उपदफा (२) बमोजिम गठित समितिको सिफारिसमा आयोगका अध्यक्ष तथा सदस्य नियुक्त हुनेछन् ।

२) अध्यक्ष तथा सदस्यको नियुक्तिको सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ :-

(क) स्थानीय विकास मन्त्री वा राज्यमन्त्री - अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (सम्बन्धित क्षेत्र हेर्ने) - सदस्य

(ग) दलित समुदायको हक हितसंग सम्बन्धित क्षेत्रमा कार्यरत व्यक्तिहरुमध्ये नेपाल सरकारले तोकेको एकजना व्यक्ति - सदस्य

(३) स्थानीय विकास मन्त्रालयको सचिवले उपदफा (२) बमोजिमको समितिको सचिवको रुपमा काम गर्नेछ ।

(४) उपदफा (२) बमोजिमको समितिको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **पद रिक्त हुने अवस्था:** (१) देहायका अवस्थामा आयोगको अध्यक्ष र सदस्यको पद रिक्त भएको मानिनेछ:-

(क) निजको पदावधि समाप्त भएमा,

(ख) निजले आफ्नो पदबाट राजिनामा दिएमा,

(ग) कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारिपूर्वक निजले आफ्नो पदीय कर्तव्यको पालना नगरेको वा आयोगको रकम हिनामिना गरेको आधारमा निजलाई पदमा राख्न उपयुक्त छैन भनी व्यवस्थापिका-संसदको सम्बन्धित समितिको बहुमतले हटाउने निर्णय गरेमा,

(घ) दफा ५ वमोजिमको योग्यता नरहेमा,

(ङ) मनासिब माफिकको सूचना नदिई लगातार तीन पटकसम्म आयोगको बैठकमा अनुपस्थित भएमा,

(च) मानसिक असन्तुलन भएमा, वा

(च) मृत्यु भएमा

(२) उपदफा (१) को खण्ड (ग) वा (ङ) वमोजिमको आरोप लागेको कुनै सदस्यलाई पदमुक्त गर्नु अगाडि निजलाई आफ्नो सफाई पेश गर्न मनासिव मौका प्रदान गर्नु पर्नेछ ।

८. **आयोगको बैठक र निर्णय:** (१) आयोगको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) आयोगको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) आयोगको अध्यक्ष सहित कम्तीमा अन्य दुईजना सदस्य उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निज अनुपस्थित रहेको अवस्थामा बैठकमा उपस्थित वरिष्ठतम् सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) आयोगले आफ्नो बैठकमा आवश्यक ठानेका अन्य व्यक्ति वा संस्थाका पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(७) आयोगको बैठकको निर्णय सचिवद्वारा प्रमाणित गरिनेछ र त्यस्तो निर्णयको प्रतिलिपि सबै सदस्यहरुलाई उपलब्ध गराईनेछ ।

(८) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद - ३

## आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

९. **आयोगको काम कर्तव्य र अधिकारः** (१) आयोगको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) दलित समुदायको हक, हितसंग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।

(ख) दलित समुदायसंग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सुझाव पेश गर्ने,

(ग) दलित समुदायको हक, हितसंग सम्बन्धित प्रचलित कानूनको पालना भए वा नभएको वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गर्ने,

(घ) दलित समुदाय विरुद्धका भेदभाव तथा सामाजिक कुरीति विरुद्ध जनचेतना अभिवृद्धि गर्ने गराउने,

(ङ) विभिन्न मन्त्रालयसंग सम्बन्धित नीति तथा कार्यक्रम दलित समुदायको न्याय वा त्यस्तो समुदायकौ सशक्तिकरणका दृष्टिकोणबाट उपयुक्त वा प्रभावकारी भए वा नभएको विश्लेषण गर्ने वा गराउने,

(च) कुनै जात, जाति वा उत्पत्तिका व्यक्ति वा समुदायको उच नीच दर्शाउने, जात, जातिको आधारमा सामाजिक विभेद न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचार, व्यवहार वा अभ्यास विरुद्ध सामाजिक जनचेतना अभिवृद्धि गर्ने र त्यस्तो कार्यका लागि प्रचार प्रसार सामाग्री तयार गरी वितरण गर्ने,

(छ) दलित समुदायको सशक्तिकरणका लागि दलितसँग सम्बन्धित प्रचलित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने,

(ज) दलित अधिकारसँग सम्बन्धित कार्यालय वा निकायको काम, कारवाहीका विषयमा गर्नुपर्ने सुधारको सम्बन्धमा सुझाव दिने,

(झ) दलित समुदायसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिमा व्यवस्था भए बमोजिम नेपाल सरकारले पठाउनु पर्ने प्रतिवेदन पठाए वा नपठाएको अनुगमन गर्ने,

(ञ) अधिकारबाट वञ्चित, पीडित वा असहाय दलितलाई कानूनी सहायता प्रदान गर्न आवश्यक व्यवस्था गर्ने,

(ट) दलित समुदायको हक, हित र सरोकारको विषयमा आवश्यकता अनुसार सार्वजनिक सुनुवाई गर्ने,

(ठ) आयोगको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृत गर्ने ।

(२) आयोगले देहायको विषयमा कुनै व्यक्तिबाट निवेदन प्राप्त गरेमा वा कुनै स्रोतबाट जानकारी प्राप्त गरेमा त्यस्तो विषयमा आवश्यक जाँचबुझ गर्न सक्नेछः-

(क) दलित समुदायका व्यक्तिलाई छुवाछुतको आधारमा अधिकारको प्रयोग गर्न नदिएको वा वञ्चित गरेको,

(ख) कुनै पनि हिंसा वा सामाजिक कुरीतिबाट कुनै दलित समुदाय पीडित भएको,

(ग) जातीय भेदभाव गरेको ।

(३) उपदफा (२) मा उल्लिखित विषयमा जाँचबुझ गर्दा आयोगलाई देहाय बमोजिमको अधिकार हुनेछ :-

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई बयान वा जानकारी लिने,

(ख) साक्षी बुझ्ने तथा बकपत्र गराउने,

(ग) कुनै व्यक्तिलाई कुनै लिखत वा कागजात वा प्रमाण पेश गर्न आदेश दिने,

(घ) कुनै सरकारी वा सार्वजनिक कार्यालयबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने वा अदालतबाट नक्कल पाउन अनुरोध गर्ने,

(ङ) आवश्यकता अनुरुप स्थलगत निरीक्षण गर्ने वा गराउने,

(च) सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने,

(छ) पूर्व सूचनाको आधारमा कुनै घटना घट्न नदिनका लागि आवश्यक निरोधात्मक उपाय अवलम्बन गर्ने,

(ज) दोषी ठहरिएको व्यक्तिलाई कानूनी कारवाहीको लागि पहल गर्ने र कारवाही भए नभएको अनुगमन गर्ने ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा आयोगले कुनै व्यक्ति उपस्थित गराउन, लिखत पेश गर्ने वा प्रमाण बुझ्नका लागि मनासिब समयावधि तोक्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम भएको जाँचबुझबाट कसैले उपदफा (२) बमोजिमको कार्य गरेको देखिएमा आयोगले आवश्यकता अनुसार मेलमिलाप गराउने वा सो सम्बन्धमा पीडितलाई उपयुक्त उपचार, राहत वा क्षतिपूर्ति उपलब्ध गराउन वा पुनर्स्थापना गराउन सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने वा उपयुक्त अन्य कारवाही गर्न सम्बन्धित कार्यालय, निकाय वा संस्थालाई सिफारिस गर्ने र सो अनुरुप भए वा नभएको अनुगमन गर्नेछ ।

(६) उपदफा (५) बमोजिम आयोगबाट लेखी आएमा सम्बन्धित निकाय वा संस्थाले आवश्यक कारवाही गर्नु गराउनु पर्नेछ ।

(७) उपदफा (२) र (३) बमोजिम आयोगले जाँचबुझ गर्ने सिलसिलामा माग गरेका कागजात वा प्रमाण सम्बन्धित निकाय, कार्यालय, संस्था वा व्यक्तिले आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

(८) आयोगले गरेका सिफारिस कार्यान्वयन वा पालना गर्नु सम्बन्धित निकाय वा संस्थाको कर्तव्य हुनेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अदालतमा विचाराधिन रहेको विषयमा आयोगले हस्तक्षेप गर्ने छैन ।

१०. **प्रतिवेदन पेश गर्ने:** (१) आयोगले प्रत्येक वर्ष आफूले गरेका काम कारवाहीको सम्बन्धमा प्रतिवेदन तयार गरी स्थानीय विकास मन्त्री समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त आयोगले वर्ष भरी गरेका अध्ययन तथा अनुसन्धान, तर्जुमा गरिएका नीति तथा कार्यक्रम, दिइएका सिफारीस वा सुझाव, कानूनी सुधारका उपायहरु तथा यस्ता कामको लागि आयोगले गरेको खर्चको विवरण, कामको लागत र भविष्यमा गर्नु पर्ने सुधार समेत उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (१) वमोजिमको प्रतिवेदन स्थानीय विकास मन्त्रीले व्यवस्थापिका-संसद समक्ष पेश गर्नु पर्नेछ ।

(४) आयोगले आफूले गरेको काम कारवाहीको विवरण सर्वसाधारणको जानकारीका लागि प्रत्येक वर्ष प्रकाशन गर्न सक्नेछ ।

११. **अध्यक्ष तथा सदस्यको काम, कर्तव्य र अधिकार:** (१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) आयोगको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(ख) कर्मचारी प्रशासन वा आर्थिक प्रशासन वाहेक आयोगको अन्य काम कारवाहीहरु प्रति आयोगको प्रमुखको रुपमा जिम्मेवारी वहन गर्ने, र

(ग) आयोगले तोकेका अन्य कार्यहरु गर्ने ।

२. सदस्यको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) आयोगले सञ्चालन गर्ने कार्यक्रमहरुको कार्यान्वयनका लागि क्रियाशिल रहने, र

(ख) आयोग वा अध्यक्षले तोकेको अन्य कार्य गर्ने ।

## परिच्छेद - ४

## कोष तथा लेखापरीक्षण

१२. **कोष:** (१) आयोगको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) आयोगको कोषमा देहायका रकम रहने छन् :-

(क) नेपाल सरकारबाट आयोगलाई प्राप्त रकम,

(ख) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट आयोगलाई प्राप्त सहयोग वा अनुदान,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट आयोगलाई प्राप्त रकम,

(घ) अन्य कुनै श्रोतबाट आयोगलाई प्राप्त रकम ।

३) उपदफा (२) को खण्ड (ग) अन्तर्गतको रकम प्राप्त गर्नु अघि आयोगले नेपाल सरकारको पूर्व स्वीकृत लिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम आयोगलाई प्राप्त हुने रकम बैंक तथा वित्तिय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम "क" वर्गको इजाजत प्राप्त कुनै बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(५) आयोगको कोषको सञ्चालन आयोगको सचिव वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र आर्थिक प्रशासनको प्रमुख भई कार्य गर्ने व्यक्तिको संयुक्त दस्तखतबाट हुनेछ ।

१३. **लेखा तथा लेखा परीक्षण:** (१) आयोगको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) आयोगको लेखा परीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद - ५

## विविध

१४. **आयोगको कार्यालय:** (१) आयोगको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

(२) आयोगले नेपालभित्र आफ्नो शाखा कार्यालय खोल्न सक्नेछ ।

१५. **सचिव:** (१) आयोगको दैनिक प्रशासन संचालनको लागि एक जना सचिव हुनेछ ।

(२) नेपाल सरकारले निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको वहालवाला कर्मचारीलाई सचिवको रुपमा काम गर्न खटाउने छ ।

(३) सचिवको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) आयोगको निर्णय प्रमाणीकरण गर्ने,

(ख) आयोगको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ग) बैठकको लागि विषयवस्तु तयार गर्ने वा गराउने,

(घ) आयोगको प्रशासनिक व्यवस्थापन गर्ने,

(ङ) आयोगको वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने वा गराउने,

(च) आयोगको प्रतिवेदनको मस्यौदा तयार गर्ने,

(छ) आयोगको तर्फबाट नेपाल सरकार तथा अन्य संघ, संस्थामा प्रतिनिधित्व गर्ने,

(ज) आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने,

(झ) उल्लेखित बाहेकका अन्य प्रशासनिक काम, कारवाही गर्ने वा गराउने ।

१६. **सदस्यको पारिश्रमिक तथा सुविधा:** १) अध्यक्ष तथा सदस्य आयोगमा पूर्णकालिन पदाधिकारी हुनेछन् ।

२) अध्यक्ष तथा सदस्यले आयोगमा वहाल रहेको अवधिमा अन्यत्र काम गर्न वा कुनै पेशा वा व्यवसाय सञ्चालन गर्न सक्ने छैनन् ।

३) अध्यक्ष तथा सदस्यको पारिश्रमिक, सेवाका शर्त, र अन्य सुविधा क्रमशः संवैधानिक निकायका प्रमुख पदाधिकारी र पदाधिकारीको पारिश्रमिक, सेवाका सर्त र सुविधा सरह हुनेछ ।

१७. **आयोगका कर्मचारी:** आयोगलाई आफ्नो कार्य सम्पादनको लागि आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ ।

तर आयोगले नेपाल सरकारको सहमति लिई आवश्यकता अनुसार विशेषज्ञ कर्मचारी करारमा नियुक्त गर्न सक्नेछ ।

१८. **समिति वा कार्यदल गठन गर्न सक्ने:** (१) कुनै विशेष प्रयोजनको लागि आयोगले निश्चित कार्यावधि तोकि समिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको समिति वा कार्यदलको काम वा कार्य क्षेत्रगत शर्तहरु त्यसरी गठन गर्दाका वखत आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

१९. **कार्यवाहक हुने:** कुनै कारणवश अध्यक्षको पद रिक्त भएमा अर्को अध्यक्ष नियुक्त नभएसम्मको लागि आयोगमा उपलब्ध वरिष्ठतम् सदस्यले कार्यवाहक अध्यक्ष भै काम गर्नेछ ।

२०. **शपथः** आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्षले प्रधान न्यायाधिश समक्ष र सदस्यले अध्यक्ष समक्ष अनुसूची-२ मा तोकिए वमोजिम शपथ ग्रहण गर्नु पर्नेछ ।

२१. **अधिकार प्रत्यायोजनः** आयोगले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकतानुसार अध्यक्ष, सदस्य, सचिव, समिति, वा आयोागका अधिकृत स्तरको कर्मचारी वा नेपाल सरकारको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२. **नेपाल सरकारसंग सम्पर्कः** आयोगले नेपाल सरकारसंग सम्पर्क राख्दा स्थानीय विकास मन्त्रालय मार्फत् राख्नु पर्नेछ ।

२३. **आयोगलाई सहयोग गर्नुपर्नेः** आयोगले आफ्नो कार्य सम्पादनको सिलसिलामा कुनै व्यक्ति वा संस्थाको सहयोग माग गरेमा त्यस्तो सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

२४. **असल नियतले गरेको कामको बचाउः** आयोगका सदस्य, कर्मचारी वा आयोगले खटाएको कुनै पनि व्यक्तिले यस ऐन वा यस ऐन अन्तरगत बनेका नियमहरु वमोजिम असल नियतले गरेको कुनै काम कारवाहीका सम्बन्धमा निजहरु उपर कुनै कानूनी कारवाही चलाइने छैन ।

२५. **अनुसूचीमा हेरफेर गर्न सक्नेः** (१) नेपाल सरकारले आयोगको सिफारिसमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूची-१ मा उल्लिखित दलित समुदायको सूचीमा हेरफेर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगले सिफारिस गर्दा त्यस्तो सूचीमा हेरफेर गर्नुपर्ने कारण र त्यसको आधार खुलाउनु पर्नेछ ।

२६. **स्वीकृति लिनु पर्नेः** आयोगले आर्थिक व्ययभार पर्ने विषयमा निर्णय गर्नु पूर्व अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

२७. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आयोगले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

तर पारिश्रमिक तथा सुविधा सम्बन्धी नियमहरु बनाउँदा नेपाल सरकारको परामर्श लिनु पर्नेछ ।

२८. **वचाउः** (१) सम्वत् २०५८ साल चैत्र ६ गते नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम गठित आयोगले यस ऐन बमोजिम आयोग गठन नभएसम्म काम गर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगबाट भए गरेका काम कारवाहीहरु यसै ऐन बमोजिम गठन भएको आयोगबाट भए गरेको मानिनेछ ।

**अनुसुची- १**
**(दफा २ को खण्ड (ङ) सँग सम्बन्धित)**

**दलित समुदाय**

**१. पहाडी समुदायका दलित समूहः-**

१. कामी (विश्वकर्मा)
२. दमाई
३. सार्की
४. गाइने (गन्धर्व)
५. बादी

**२. नेवारी समुदायका दलित समूहः-**

१. कपाली
२. कुसुले
३. पोडे
४. च्यामे
५. देउला
६. खड्गी
७. कसाही

**३. मधेशी समुदायका दलित समूहः-**

१. कलर
२. ककैहिया
३. कोरी
४. खटिक
५. खत्वे (मण्डल, खङ्ग)
६. चमार (राम, मोची, हरिजन, रविदास)
७. चिडिमार
८. डोम (मरिक)
९. तत्मा (ताँती, दास)
१०. दुसाध (पासवान, हजरा)
११. धोवी (रजक) हिन्दू
१२. पत्थरकट्टा
१३. पासी
१४. बाँतर
१५. मुसहर
१६. मेस्तर (हलखोर)
१७. सरभङ्ग (सरवरिया)

अनुसूचि-२

(दफा २० सँग सम्बन्धित)

<u>शपथ</u>

म............(*सदस्यको पूरा नाम*) ...................सत्य निष्ठापूर्वक/ईश्वरको नाममा शपथ लिन्छु कि नेपाली जनता, प्रचलित संविधान तथा अन्य कानून प्रति पूर्ण निष्ठावान रही राष्ट्रिय दलित अधिकार आयोगको अध्यक्ष/सदस्यको जिम्मेवारी प्रचलित कानूनको अधिनमा रही मुलुक र जनताको सोझो चिताई कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी ईमान्दारीसाथ पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी हुन आएको कुनै कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा वहाल रहेको वा नरहेको कुनै पनि अवस्थामा प्रकट गर्ने छैन ।

नाम :- ................................

दस्तखत :- ............................

मिति :- ................................